शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा,अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.स-२०८३/०८४ च.नं ७५८

मिति:२०८३।०६।२१

श्री वडा कार्यालयहरु सबै ।
शितगंगा नगरपालिका, ठाडा अर्घाखाँची ।

**विषय: सरसफाई सप्ताह–२०८३ सञ्चालन तथा समन्वय सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त प.स. ०८३।८४, च.नं २००३ तथा मिति २०८३।०६।२० गतेको पत्र मार्फत परिपत्र भएअनुसार शितगंगा नगरपालिकाले पनि २०८३ असोज २२ गतेदेखि २८ गतेसम्म सरसफाई सप्ताह–२०८३ अन्तर्गत **"सफा शितगंगा, स्वस्थ नागरिक र सुन्दर नगरपालिका"** भन्ने मूल नाराका साथ सरसफाई सप्ताह सञ्चालन गर्न लागेको हुँदा आफ्नो वडा क्षेत्रभित्र व्यापक जनसहभागितासहित सरसफाइ अभियान सञ्चालन गर्नुहुन र उक्त अभियानमा वडा कार्यालयको नेतृत्वदायी भूमिकामा अन्य संघसंस्थाहरुसंग समेत समन्वय गरेर सबैको सक्रिय जनसहभागिता सुनिश्चित गरी कार्यक्रम सञ्चालन गर्नुहुन र उक्त कार्यक्रमको फोटो सहित संक्षिप्त विवरण यस कार्यालयमा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

**सरसफाई सप्ताह अन्तर्गत देहाय बमोजिमका कार्यमा विशेष ध्यान दिनुहुन अनुरोध छः**

- वडा कार्यालय परिसर, मुख्य सडक तथा बजार, मठमन्दिर, सार्वजनिक चौतारा, नाली तथा पानी निकास, विद्यालय/स्वास्थ्य संस्था आसपास, सार्वजनिक शौचालय र फोहोर जम्मा हुने जोखिमयुक्त स्थानको सरसफाई गर्ने।
- टोल विकास संस्था, आमा समूह, युवा क्लब, स्थानीय समुदाय तथा व्यवसायीलाई परिचालन गरी कम्तीमा एक दिन सामूहिक "मेरो वडा, सफा वडा" अभियान सञ्चालन गर्ने।
- कुहिने, नकुहिने, पुनःप्रयोग गर्न मिल्ने तथा जोखिमयुक्त फोहोर छुट्याई उचित व्यवस्थापन गर्ने अभ्यासको सुरुवात गर्ने।
- बजार क्षेत्रमा "आफ्नो पसल अगाडि आफैं सफा गरौं" अभियान सञ्चालन गरी सडक तथा नालीमा फोहोर नफाल्ने प्रतिबद्धता गराउने।
- सरसफाईलाई सप्ताहमा मात्र सीमित नराखी नियमित व्यवहारका रूपमा निरन्तरता दिन स्थानीय स्तरमा जनचेतना अभिवृद्धि गर्ने।

**<u>नोटः</u>** सरसफाई सप्ताह सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८३ अनुसार सप्ताहअन्त्यमा यसै पत्रसाथ संलग्न मापदण्ड अनुसारका सूचक मापन गरी पठाउनुहुन समेत अनुरोध छ ।

२०८३/०६/२२

.......................
नारायण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत